# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।६।२५

संवत् २०७५ सालको ऐन नं. १६

<u>प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न, नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका जस्ता कानुनी लिखत तयार गर्न आवश्यक भएकाले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानुनी लिखत" भन्नाले बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागि तर्जुमा गरिएको नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका समेतका लिखत सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेशको प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

३. <u>नियम बनाउने प्रदेश सरकारको अधिकार</u> : (१) प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सबै प्रशासकीय विषयका कार्यविधि तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका लगायतका कानुनी लिखत बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका कानुनी लिखतहरू कानुन सरह लागु हुनेछन् ।

४. <u>बचाउ</u> : यो ऐन प्रारम्भ हुनुअघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानुनी लिखत यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।